# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ९) केराबारी, भाद्र १९ गते,२०८२ साल (संख्या ४

**भाग — २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम केराबारी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति -२०८२/५/१८

प्रमाणीकरण मिति :- २०८२/५/१९

**<u>प्रस्तावना:</u>** कोशी प्रदेश सरकारको आर्थिक अनुदान र केराबारी गाउँपालिकाको लागत साझेदारीमा स्थापना भई संचालनमा आएको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र लाई दिगो तथा व्यवस्थित रुपमा संचालन गर्न साथै गाउपालिकामा प्राङ्गारिक कृषि प्रवर्दन गर्ने

आधार तय गर्ने उदेश्यले गाउँ कार्यपालिका को मिति २०८२/५/१८ को बैठक बाट स्विकृत गरी यो कार्यबिधि जारी गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि केराबारी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि केराबारी गाउँपालिका भरी लागु हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाउँपालिका "भन्नाले केराबारी गाउँपालिकालाई जनाउँछ।

(ख) "शाखा" भन्नाले केराबारी गाउँपालिकाको कृषि विकास शाखा बुझ्नु पर्दछ ।

(ङ) "कृषक"भन्नाले केराबारी गाउँपालिकाका कृषकलाई सम्झनु पर्दछ।

(च) "विषादि" भन्नाले कृषकले लगाएको बाली नालीमा लाग्ने रोग किरा नियन्त्रणका लागी प्रयोग गरिने रसायनलाई सम्झनु पर्दछ ।

(छ) " जैविक मल" भन्नाले केराबारी गाउँपालिकाको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रबाट उत्पादित मललाई सम्झनु पर्दछ ।

(ज) "जैविक खेती" भन्नाले रासायनिक मल तथा विषादिको प्रयोग नगरी जैविक तथा वातावरण मैत्री, दिगो हिसावले गरिएको खेती सम्झनु पर्दछ।

(झ) "जैविक विषादी" भन्नाले शत्रुजीव आकर्षण गर्न, भगाउन तथा मार्न जैविक श्रोतबाट उत्पादन गरिएको बिभिन्न जिवित जिवाणु बाट तयार पारिएको पदार्थ भन्ने बुझ्नु पर्दछ ।

(ञ) "जैविक प्रयोगशाला" भन्नाले बिरुवामा लाग्ने हानिकारक किरा, ढुसिजन्य रोगहरु, ब्याक्टेरिया जन्य रोगहरुको विरुद्धमा लाभदायक किरा, ढुसि, ब्याक्टेरिया उत्पादन गर्नको लागि विभिन्न उपकरणहरु प्रयोग गरी स्थापना गरिएको प्रयोगशाला भन्ने बुझ्नु पर्दछ।

(ट) "प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र" भन्नाले केराबारी गाउँपालिकाले प्राङ्गारिक तथा जैविक मल अध्यन अनुसन्धान गर्ने, उत्पादन गर्ने र यस सम्बन्धी प्रचार प्रसार गर्ने उदेश्यले स्थापना गरिएको मल उत्पादन केन्द्रलाई जनाउछ ।

३. <u>**प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रका कार्यहरु :**</u>
केराबारी गाउँपालिकाले स्थापना गरेको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रको कार्य देहाए बमोजिम हुनेछ ।

(क) बढ्दो रासायनिक मल र विषादिहरुको प्रयोगलाई विस्थापन गर्दै अभियानको रुपमा प्राङ्गारिक खेती प्रणालीको विकास गर्ने ।

(ख) रासायनिक मल/ विषादीको विकल्पमा बिभिन्न सुरक्षित प्राङ्गारिक तथा जैविकमल विषादिको प्रवर्द्धन गर्नु।

(ग) बैकल्पिक उत्पादनको अनुसन्धान गरी जैविक तथा वनस्पतिक मल/ विषादीको उत्पादन गर्ने र प्रयोगमा जोड दिने।

(घ) कृषकहरुमा प्राकृतिक/जैविक तथा प्राङ्गारिक खेती सम्बन्धी क्षमता अभिबृद्धी तालिम, यस सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(ङ) कृषकहरुको खेतबारीमा प्रविधि परिक्षण गर्ने। माटो सुधारका कार्यक्रम गर्ने ।

(च) बिभिन्न निकायहरु संग सम्पर्क तथा समन्वय गर्ने ।

**४. कार्यक्षेत्र तथा लाभाम्वित क्षेत्र :** यस केन्द्रको कार्यक्षेत्र तथा सेवा पुर्याउने क्षेत्र केराबारी गाउँपालिका भित्र सिमित रहनेछ । कृषि क्षेत्रमा काम गरिरहेका कृषक, फर्म, कृषक समूह, सहकारी लगायत कृषि सँग सम्बन्धित अन्य सरोकारवाला निकायहरु यसको प्रत्यक्ष लाभान्वित क्षेत्र हुनेछ।

**५. मल व्यवस्थापन समिति :** केराबारी गाउँपालिका द्वारा संचालित प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रलाई व्यवस्थित संचालनका लागि देहाय बमोजिमको समिति रहनेछ ।

(क) आर्थिक विकास समिति संयोजक - संयोजक

(ख) कृषि विकास शाखा प्रमुख - सदश्य

(ग) सम्बन्धित मल उत्पादन केन्द्र हेर्न तोकिएको कर्मचारी- सदश्य सचिव

६. **समितिको काम कर्तब्य र अधिकार** : मल व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाले संचालनमा ल्याएको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रबाट उत्पादन भएका बिभिन्न किसिमका मलको प्रवर्दन तथा मल उत्पादन केन्द्रको व्यवस्थापन गर्ने ।

(ख) मल उत्पादन केन्द्रको प्रभावकारी संचालनको लागि बिभिन्न योजना बनाई स्थानिय स्तरको प्राङ्गारिक तथा जिवाणु मल व्यवस्थापन समितिका साथै गाउँ कार्यपालिकामा पेश गर्ने ।

७. **प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र सञ्चालन सम्बन्धि व्यवस्था:** प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र संचालन गर्दा देहाय बमोजिमको अधिनमा रही गर्नुपर्नेछ -

(क) केराबारी गाउँपालिकाले पालिका भित्र रहेका मौजुदा जनशक्ती बाट प्राविधिकहरुको क्षमता अभिबृद्धी गरी आवश्यक जनशक्ती व्यवस्थापन गर्न सक्नेछ । बिशेषज्ञ सेवा पालिकाले सेवा करार वा कार्य सम्झौता बाट लिन सक्ने छ ।

(ख) प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र केराबारी गाउँपालिका वडा नं ३ स्थित मच्छिन्द्र माध्यमिक विद्यालयको पशु प्राविधिक फर्मको हाताभित्र रहेकाले अर्को

व्यवस्था नहुन्जेल सम्म उक्त बिद्यालयको जग्गा भाडामा लिई संचालन गर्नुपर्ने छ ।

(ग) स्थापना भएको प्राङ्गारिक तथा जैवीक मल उत्पादन केन्द्रमा एक माईक्रोबाईलोजी प्रयोगशाला रहनेछ जसले उत्पादित मलको गुणस्तर परिक्षण साथै बिभिन्न माईक्रोबाईलोजी जाँच तथा जिवाणु तथा ढुसीको विकास गर्नेछ ।

(घ) केन्द्रमा आवश्यक पर्ने उपकरणहरु केराबारी गाउँपालिकाले खरिद गर्नेछ र उक्त उपकरणहरु गाउँपालिकाको आफ्नो मातहतमा रहनेछ।

(ङ) स्थापित मल उत्पादन केन्द्र सञ्चालन गर्नको लागि कृषि विकास शाखाले एकजना सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(च) प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रको सम्पर्क व्यक्तिले यस कार्यविधि लागु भएपश्चात प्रत्येक आ.ब.मा संचालन हुने कृयाकलाप तथा प्रत्येक आ.व. को कार्ययोजना कृषि विकास शाखा मार्फत गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

(छ) सम्पर्क व्यक्तिले आ.व.को प्रत्येक चौमासिकमा वार्षिक लक्ष्यअनुरुप भएको प्रगति प्रतिवेदन केराबारी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(ज) केन्द्रबाट उत्पादन हुने बिभिन्न किसिमका जैविक झोल मलको जोरन ( Kerabari-1, Kerabari-2, Kerabari-3, Kerabari -5, Kerabari-6, Kerabari-7) तथा प्रविधि प्रचार प्रसार गर्ने उदेश्यले केन्द्रमा रहेका भर्मी कम्पोष्ट

उत्पादन गर्ने गड्यौला गाउँपालिका भित्रका किसानलाई निशुल्क दिन सकिनेछ ।

(झ) गड्यौली मल( Kerabari-4) को मुल्य चालु आ.ब. २०८२/०८३ मा अर्को व्यवस्था नहुन्जेल सम्मको लागि सामान्य लागतमात्रै लिई केराबारीका किसानलाई मात्र प्रति के.जी. रु.१० सेवा शुल्क लिई बिक्री वितरण गर्नुपर्नेछ ।

८. **रेकर्ड राख्नुपर्ने:** प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रले उत्पादन गरेका जैविक मलका जोरन, बिउ गड्यौला साथै उत्पादित गड्यौली मलको छुट्टै रेकर्ड राख्नु पर्नेछ ।

९.**थप अनुदानमा सामग्री वितरण :** मलको प्रचार प्रसार र किसानमा सहज हस्तान्तरणका लागि मल उत्पादन सहयोग गर्ने सामग्रीहरु बोतल, बिभिन्न साईजका भाडाँकुडा, मल उत्पादन गर्न सहयोग गर्ने मिडिया तथा सखर, प्लाष्टिक ईत्यादी किसानलाई कार्यक्रममा उल्लेख गरी निशुल्क दिन सकिनेछ ।

१०. **ईजाजत तथा दर्ता :** हाल प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रले उत्पादन गरेको मल अनुसन्धानकै अवस्थामा रहेकाले अनुसन्धान पुर्ण रुपमा सफल नहुन्जेल यथा अवस्थामा चलाईने छ । अनुसन्धानको नतिजा मुल्याङ्कन गरी उत्पादित बस्तुको व्यवसायिक उत्पादन पस्चात नियम अनुसार ईजाजत तथा दर्ता गरिनेछ ।

११. **अन्य व्यवस्था:** यस कार्यबिधिमा उल्लेख नभएका बिषयहरु केराबारी गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१२. **बचाउ :** यस अघि केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयअनुसार भए गरेका कार्यहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत